www.himaldristi.com

# हिमाल दृष्टि

पाक्षिक

वर्ष १३ अंक १० २०७१ मंसिर २०-पुस ६ (Dec. 6-21, 2014) सहयोग राशी रु. ५/-

# स्वधर्म संस्कृति संरक्षण अभियानको तयारी पूरा

**हि.दृ. संवाददाता**

परापूर्वकालदेखि नेपालीहरुको पुर्खाहरुले संरक्षित गर्दै आउनुभएको संस्कृतिहरुलाई संरक्षण, संवर्द्धन गर्ने उद्देश्यका साथै नेपाललाई हिन्दू राष्ट्र घोषणा गर्न चौतर्फी दबाब सिर्जना होस् भन्ने उद्देश्यले आउँदो पुस १ देखि ३० गतेसम्म राष्ट्रव्यापी रुपमा सञ्चालन हुने स्वधर्म संरक्षण अभियान व्यापक रुपमा सञ्चालनका लागि आवश्यक सम्पूर्ण तयारी पूरा भएको जानकारी अभियानको केन्द्रीय समितिको कार्यालयबाट प्राप्त भएको छ ।

७५ वटै जिल्लामा पुग्ने लक्ष्यका साथ सञ्चालन हुने यस अभियानका लागि कार्यकर्ताहरुलाई जिल्ला, केन्द्र तोकिएको छ । ती केन्द्रहरुमा स्थानीय रुपमा स्वधर्म संस्कृति संरक्षण अभियानको इकाई समिति पनि गठन भइसकेको छ। अभियानका लागि आवश्यक पर्ने सांस्कृतिक जगेर्ना र संरक्षण सम्बन्धी पर्चा, पम्प्लेट, पुस्तकको लेखन कार्य सकिइसकेको छ भने अन्य प्रचार सामग्रीको छपाइ सम्बन्धी कार्य पनि पूरा भइसकेको छ।

उक्त पम्पलेट र पुस्तकहरुमा आफ्नो संस्कृतिलाई कसरी जगेर्ना गर्ने, विधर्मीहरुले शिक्षा, स्वास्थ्य र गरिबी निवारणको नाममा कसरी धर्मान्तरण गरिरहेका छन् ? धर्मान्तरण नै राष्ट्रान्तरण हो, नेपालीहरुको पहिचानलगायतका विषयहरुलाई सविस्तार चर्चा गरिएको छ । अभियानको क्रममा प्रत्येक गाउँको घरघरमा पुगी संस्कृति संरक्षण र संवर्द्धनका लागि आवश्यक उपायबारे कार्यकर्ताहरुले कसरी आम जनसमुदायलाई बुझाउने हुन्, त्यस सम्बन्धी आवश्यक तालिम पनि दिइसकेको छ । अभियानका कार्यकर्ताहरुद्वारा स्थानीय वातावरणअनुकूल विविध कार्यक्रमको सञ्चालन पनि गरिने छ ।

# 'विश्वलाई 'हिन्दू' ले नयाँ बाटो देखाउनेछ'

राष्ट्रिय स्वयंसेवक संघका सरसंघचालक मा. मोहन भागवतले भनेका छन् - हिन्दू भनेको कुनै धर्म होइन, हिन्दू भनेको त अनेकतामा एकता हो ।

हामी हिन्दूसँग त्यो विशेषताहरु छ जुन विश्वलाई दिन सक्दछौं तर विश्वलाई दिनु भन्दा पूर्व हिन्दू भनेको के हो ? हामी आफैले राम्ररी बुझ्नु जरुरी छ। दिल्लीमा आयोजित विश्व हिन्दू सम्मेलनमा बोल्दै उनले बताए कि हिन्दूको अस्तित्व सबभन्दा पुरानो हो । अहिले समय आएको छ, निर्भीकता साथ हिन्दूत्वको मार्गमा बढ्ने । नडराइकन हिन्दूले सबै क्षेत्रमा ख्याति कमाउनु परेको छ।

२१ नोभेम्बर देखि २३ नोभेम्बरसम्म चलेको सो विश्व हिन्दू सम्मेलनमा ४० देशका १५०० भन्दा बढी प्रतिनिधिहरुको सहभागता रहेको थियो । कार्यक्रमको आयोजन वर्ल्ड हिन्दू फेडरेशनद्वारा गरिएको थियो । विश्व हिन्दू परिषद्का अशोक सिंघलले पनि सो सम्मेलनलाई सम्बोधन गर्दै हिन्दू, हिन्दुत्वको महिमा एवं योगदानमाथि प्रकाश पारेका थिए ।

-विसंके

# 'हिन्दू धर्म दयालु एवं सम्यक् दृष्टिबाट ओतप्रोत'

अघमसिंह नगरको किच्छा निवासी इरशादले स्वेच्छाले हिन्दू धर्म ग्रहण गरेका छन् । इरशादको चाहना अनुरूप हिन्दू जागरण मञ्च एवं विभिन्न संगठनहरूको सहयोगमा एक अनुष्ठानका आयोजना गरी शुद्धीकरण संस्कार गराइयो । अब इरशाद दीपक आर्यको नामले चिनिने छ ।

हिन्दू धर्म ग्रहण गरेपछि संवाददाताहरूसँग कुरा गर्दै इरशाद 'दीपक शर्मा' ले भने- म आफ्नो नयाँ नाम पाएर अत्यन्तै प्रसन्नताको अनुभूति गर्दैछु । हिन्दू धर्म ग्रहण गरेपछि कैयौं वर्षपछि कुनै पथिक आफ्नो घर फर्कन्छ र आफ्नो परिवारलाई देखेर जुन भावको अनुभूति गर्दछ, त्यी भावको दृश्यबाट भावविभोर भइरहेको छु। म धेरै अगाडिदेखि नै हिन्दू धर्म ग्रहण गर्न इच्छुक थिएँ ।

त्यसैले म स्वयं नै हिन्दू जागरण मञ्चको कार्यालय पत्ता लगाएर आफ्नो यो इच्छा प्रकट गरें । मेरो इच्छानुसार नै मञ्चका कार्यकर्ताले प्रसिद्ध बागनाथ मन्दिरमा पूर्ण वैदिक मन्त्र उच्चारण, यज्ञ एवं हवन गराएर शुद्धीकरण संस्कार एवं व्रतबन्ध गराउनमा पूर्ण सहयोग गरे ।

दीपक आर्य (इरशाद) विगत ३५ वर्षदेखि बागेश्वरमा विवाह इत्यादि शुभकार्यमा व्यान्ड बजाउने काम गर्दथे । जसकारण हिन्दू रीतिरिवाजबाट पूर्णतः परिचित भएर हिन्दू धर्मबाट अत्यन्तै प्रभावित भए । आफ्नो परिवारमा पनि हिन्दू धर्मको नियमको पालना पूर्णरूपमा गर्दथे । दीपक (इरशाद) को दृष्टिमा हिन्दू धर्म दयालु र सबैलाई समान दृष्टिले हेर्ने धर्म हो । दीपक आर्य (इरशाद) ले आफ्नो धर्म परिवर्तनको शपथपत्र स्थानीय प्रशासनलाई पनि दिएको छ । शुद्धीकरणको अवसरमा अनेकौं साधु-सन्तले दीपक आर्यलाई सहयोग गरे एवं आशीर्वाद दिए ।

*साभार : राष्ट्रदेव*

# माघ ८ मा संविधान आउने सम्भावना कायमै

जसरी पनि आगामी माघ ८ गतेभित्र संविधान जारी गरेरै छाड्ने प्रधानमन्त्री सुशील कोइरालाको दावी बारम्बार सार्वजनिक भइरहँदा सर्वैधानिक-राजनीतिक संवाद तथा सहमति समितिका सभापति तथा एमाओवादी वरिष्ठ नेता डा. बाबुराम भट्टराईले दलहरुका बीचमा संविधानका अन्तरबस्तुमा सहमति बन्ने हो भने माघ ८ मा संविधान जारी गर्ने सम्भावना अहिले पनि

बाँकी पृष्ठ ७

# सरकार परिवर्तन प्राथमिकतामा

**हि.दृ. संवाददाता**

माघ ८ गतेभित्रै नयाँ संविधान निर्माणका लागि राजनीतिक दलहरुबीच सहमति कायम हुन नसकेका विषयमा सहमति कायम गर्ने चटारो चलेका बेला सत्तारुढ घटक तथा संविधानसभाको दोस्रो ठूलो दल नेकपा एमालेले सर्वदलीय सरकारको प्रस्ताव गरेको छ । दोस्रो संविधानसभा निर्वाचनपछि सरकार गठनका लागि नेपाली कांग्रेस र नेकपा एमालेबीच भएको सहमति अनुसार एक वर्ष अर्थात् माघ ८ गतेभित्र संविधान जारी गर्ने र त्यसपछि सरकारको नेतृत्व परिवर्तन गर्ने व्यवस्था छ । सो सम्झौता अनुसार माघ ८ गते संविधान जारी हुने सम्भावना नरहेपछि अब कसरी सरकार परिवर्तन गर्ने भन्ने ध्याउन्नमा सत्तारुढ दलभित्रै चलखेल सुरु हुन थालेको पुष्टि भएको हो । सम्झौताकारी एमालेका नेताहरु माघ ८ गतेसम्म मात्र सरकार

बाँकी पृष्ठ ७

## सुभाषित

*षडेव तु गुणाः पुंसा*
*न हातव्याः कदाचनः ।*
*सत्यं दानमनालस्यम्*
*अनसूया क्षमा धृतिः ॥*

अर्थ : सत्यभाषण, दान दिनु, पुरूषार्थ गर्नु, ईर्ष्या नगर्नु, क्षमाशीलता र धैर्य यी छ गुणहरूलाई मनुष्यले कहिल्यै पनि छोड्नुहुँदैन । -विसंके

# आत्मविश्वास जगाउँ

दुर्भाग्यवश अहिले हाम्रो आत्मविश्वास सून्य छ । हिजोआजको मानवशास्त्र जसलाई हीनभावना भन्दछ, त्यसबाट हामी ग्रसित छौं । त्यसकारण हामीहरू विश्वमा कसैकहाँ गएर स्वभाषामा बोल्न, स्वभेषमा हिँड्नमा पनि लाज मान्दछौं । जहाँ स्वभावतः स्वभेषसँग लाज लाग्दछ, त्यहाँ स्वधर्म र स्वसंस्कृतिको आत्मविश्वासयुक्त उच्चारण गरी त्यसबाट व्यक्तिलाई प्रभावित गर्नसक्नु कसरी सम्भव होला ? प्रत्येक हिन्दू कुनै पनि समाजको बीचमा गएर बसे पनि त्यस समाजभित्र रहेको सुषुप्त मनस्थितिलाई आफ्नो प्राचीन, श्रेष्ठ र सत्यधर्मको अनुगामीको रूपमा खडा गर्न सकिन्छ, यतिका आत्मविश्वास त्यसमा हुनैपर्दछ । आफ्नो धर्म र संस्कृतिको सम्बन्धमा ज्ञान प्राप्त गरी निर्भय र निःसंकोच भएर सबैलाई आह्वान गर्न सक्ने शक्ति प्रत्येक हिन्दूमा हुनुपर्दछ । यस्ता मनोकामना सबैले राख्नुपर्दछ र त्यस दृष्टिले आवश्यक वातावरण बनाउनु पर्दछ । हाम्रो समाजका व्यक्ति यो गर्न सक्दैन, या ऊभित्र बुद्धि छैन, यस्तो होइन । तर ऊ एक प्रकारको हीनभावनाबाट ग्रस्त छ । उसको स्वाभिमान प्रायः नष्ट भइसकेको छ ।

यसको प्रमुख कारण यो छ कि १२०० वर्षसम्म लगातार आक्रमण झेल्दै झेल्दै हाम्रो शक्ति कम हुँदै गएको छ । आफ्नो यस मूलभूमिमा नै आफूलाई हिन्दू भन्न संकोचको अनुभव गर्दैछौं । परन्तु हामी हिन्दू हौं, नेपाल आमाको पुण्य परम्परा (हिन्दू परम्परा) को संरक्षण र संवर्द्धन गर्नु हाम्रो परम पवित्र कर्तव्य हो र यसका निम्ति अगाडि बढ्नेछौं । यसप्रकारको साहस प्रकट हुनुपर्दछ ।

यो देवभूमि, धर्म भूमि हो । यहीँबाट आत्मविश्वासको आधार उत्पन्न हुनेछ । यस आधारलाई उत्पन्न गर्न प्रथम प्रयासको रूपमा हिन्दूको नाताले स्वाभिमानपूर्वक सम्पूर्ण विश्वमा विचरण गरौं । सम्पूर्ण विश्वका व्यक्तिलाई आफ्नो महान सनातन धर्मको सिद्धान्त बताएर तिनलाई यसप्रकारको जीवन व्यतित गर्नका लागि प्रोत्साहित गरौं । अर्थात् हामी संख्या बढाउनमा मात्र विश्वास नगरौं । जसलाई आफ्नो सिद्धान्तमाथि विश्वास छैन, उसले मात्र संख्या बलमाथि विश्वास गरी हिँड्दछन् ।

हाम्रो सिद्धान्त अविचल, श्रेष्ठ, सनातन र अमर छ । सबप्रकारले मनुष्यलाई अमर बनाउनेवाला छ । त्यसकारण चिन्ता गर्नुपर्ने आवश्यकता छैन । कहिलेकाहीँ व्यक्तिको मनमा अनेक भावना जागृत हुन्छ, त्यो अनुरूप हामीमाथि पनि भिन्न भिन्न आक्षेप लगाउने गरिन्छ, तर हाम्रो चाहना समाजलाई माथि उकास्नु हो, आफ्नो पहिचान र पूर्वजको गौरवमय गाथाका साथ त्यो बुझ्न सकिरहेका छैनन् सबैले । स्वामी विवेकानन्दको शब्दमा हामी भन्न सक्दछौं कि यस्ता हाम्रो कुनै संकल्प छैन । हामी कसैसँग यो भन्दैनौं कि तिमी इसाई नबन या इस्लामको अनुरूप कुरान शरीफको अध्ययन गर्नु या पाँचपटक नमाज पढ्नु ठिक छैन । हामी यति मात्र भन्दछौं, जे गर्नुछ, इमान्दारीपूर्वक गर । सचरित्र बनी मानवताप्रति प्रेम गर । सदाचार इत्यादि सर्वश्रेष्ठ सद्गुण संसारका यावत् मानवजातिका लागि छन् । त्यसको परिपालन गर्दै हिँड । त्यसको नाममा आफ्नो स्वार्थ पूर्ति नगर, व्यभिचार, विनाशकारी कार्य नगर ।

## प्रेरक प्रसंग

### सबैभन्दा बाधक रूढीवाद

स्वामी विवेकानन्दले रूढीवादमाथि प्रहार गर्दै एउटा कहानी सुनाउनुभयो- हिन्दू धर्मको मन्दिर अत्यन्तै सुन्दर र आकर्षक छन् । त्यस मन्दिरमा जाने मार्ग पनि वेदान्तिरूको निर्गुण ब्रह्मदेखि लिएर ब्रह्मा, विष्णु, महादेव, दुर्गा, सूर्य, चन्द्र र मुसामाथि सवार गणेशदेखि लिएर षष्ठी जस्ता साना-ठूला देवतासम्म सबै उसमा छन् । वेद, वेदान्त, दर्शन, पुराण, तन्त्र इत्यादि यतिका तत्वभार छन्, त्यसमध्येको एउटै कुराले हाम्रो भाव-बन्धन भत्किन सक्दछ । त्यस मन्दिरको सामुन्ने भिडभाड ठूलै छ । तेत्तिस करोड जनता त्यस मन्दिरतिर दौडिरहेका छन् ।

हाम्रो मनमा पनि कौतुहल उत्पन्न भएपछि म पनि हिँड्दै गएँ । तर गएर देखेपछि स्तब्ध भएँ । मन्दिरभित्र कोही जाँदैनन् । ढोकामा पचास टाउको, सय हात, दुई पेट र पचास खुट्टावाला एउटा मूर्ति छ र सबै त्यही मूर्तिको खुट्टानजिक ढोग्दैछन् । एकजना व्यक्तिसँग मैले सोधें- "यो के हो ?" उसले भन्यो- मन्दिरभित्र जे जति देवी देवता देखिन्छ, तिनलाई परैबाट नमस्कार गरौं, परबाट नै एक दुईवटा फूलहरू फ्याँकौं, तपाईंको पूजा पूरा हुन्छ । तर साँचो पूजा त त्यस ढोकाको सामुन्ने उभिएर रहनुभएको देवको गर्नुपर्दछ । वेद, पुराण, शास्त्र, कहिलेकाहीँ पढौं तर आदेश त तपाईंलाई यसै देवको मान्नुपर्छ । मैले पुनः सोधें- "त्यसो भए यो देवाधिदेवको नाम के हो ?" उत्तर पाएँ- "रूढी ।"

स्वामीजीले भन्नुभयो- यो रूढी नै हाम्रो उत्थानमा सबभन्दा ठूलो बाधक हो ।

## पाठक विचार मञ्च

*सम्पादकज्यू,*

म हिमाल दृष्टिको नियमित पाठक हुँ । यस पत्रिकामा प्रकाशित समाचारहरू, स्थायी स्तम्भहरू र समाचार विश्लेषण उच्चकोटिको रहँदै आएको छ । तर जति मेहनतका साथ यस पत्रिकामा खोजविनमूलक समाचार प्रकाशित गरिन्छ, त्यत्तिकै मेहनत बजारमा ल्याउन गरिँदैन । म साथीहरूसमक्ष यो पत्रिकाको गुणगान गर्दछु । पछि साथीहरू पत्रिका पसलमा जान्छन् तर पत्रिका पाउँदैनन् । केही पत्रिका पसलेहरूले भने कि यो पत्रिकालाई खोज्न धेरैजना आउने गर्दछन् तर आजसम्म पनि मेरोमा मात्र होइन, यहाँका कुनै पनि पत्रिका पसलमा आउँदैन । यो कुरा सुनेर मलाई अत्यन्त दुःख लाग्यो । सम्पूर्ण नेपाली जनतालाई राष्ट्रियता, एकताको सकारात्मक परिभाषाबाट अघि बढ्न प्रेरित गर्ने असली देशभक्त पत्रिका बजारमा नपाउनु दुःखको कुरा हो । यस प त्रिकाको आर्थिक पक्ष हेर्ने व्यवस्थापन समितिलाई पत्रिकको आधार बढाई साप्ताहिक पत्रिकाको रूपमा प्रकाशित गर्न ध्यानाकृष्ण गराउन चाहन्छौं ।

*रमेश कार्की, विर्तामोड, झापा*

*सम्पादकज्यू,*

हिमाल दृष्टिको प्रथम पृष्ठमा केही अंक अगाडि "कट्टरवाद र उपभोगवाद समस्याका कारण" शीर्षक राखी राष्ट्रिय स्वयंसेवक संघका सरकार्यवाह मोहन भागवतको सम्बोधनको आधारमा प्रकाशित समाचार अत्यन्तै पठनीय र मनमस्तिष्कलाई सोच्नैपर्ने स्थितिमा पुऱ्याउने खालको छ । आफ्नै पूर्वजबाट विरासतमा पाएका विचार, जीवनपद्धति र जीवन दर्शन विश्वकै सर्वश्रेष्ठ जीवनपद्धति र दर्शन रहँदा पनि अन्य मत एवं पन्थको पछाडि हामी लागेका छौं, जसले मानव जातिलाई विध्वंशबाहेक केही दिन सक्दैनन् । यस समाचारले हिन्दूहरू पुनः विश्व गुरू बन्ने नै छ भन्ने स्पष्ट संकेत दिएको छ ।

यस समाचारको माध्यमबाट श्री मोहन भागवतजीको व्यक्त विचारलाई पुस्तकको रूपमा प्रकाशित गरी आम जनतालाई जान्ने बुझ्ने अवसर प्रदान गर्न सल्लाह दिन चाहन्छु ।

यस पत्रिकाले यस्ता ज्ञानवर्द्धक र गौरवशाली प्रेरणा दिने समाचार प्रकाशित गरिरहोस्, यी नै हाम्रो कामना ।

*सुकदेव राजवंशी, चन्द्रनिगाहपुर, रौतहट*

*सम्पादकज्यू,*

म हिमाल दृष्टिको नियमित पाठक हुँ । यस पत्रिका समग्रमा स्तरीय छ । यस पत्रिकाले राष्ट्रलाई परमवैभवको स्थितिमा पुऱ्याउन प्रयासरत रही आएको छ । तर राष्ट्रकै एउटा महत्वपूर्ण क्षेत्र मधेश र मधेशी जनताको विकास नभई राष्ट्र कसरी परमवैभवको स्थितिमा पुग्छ ? शरीरको एउटा अंग अपांग भएपछि के शरीरलाई स्वस्थ भन्न सकिन्छ ? त्यसकारण यस पत्रिकाले मधेश र मधेशीको समस्यालाई प्राथमिकताका साथ उजागर गरी त्यसको समाधानको उपायबारे विश्लेषणात्मक समाचार प्रकाशित गर्नुपर्दछ । होइन भने यस पत्रिकाको राष्ट्रलाई परम वैभवको स्थितिमा पुऱ्याउने लक्ष्य पत्रिकाको कागजमा मात्र सीमित रहने छ ।

*-ललन झा*
*जलेश्वर, महोत्तरी*
*हाल : नयाँ वानेश्वर*

# भारत-नेपालबीच दसवटा सम्झौतामा हस्ताक्षर

हि.दृ. संवाददाता

नेपाल र भारतका प्रधानमन्त्रीको उपस्थितिमा नौ सय मेगावाट क्षमताको अरुण तेस्रो आयोजना निर्माणसहित विभिन्न १० वटा महत्वपूर्ण द्विपक्षीय सम्झौता भएका छन्। प्रधानमन्त्री सुशील कोइराला र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच द्विपक्षीय छलफलपछि प्रधानमन्त्री कार्यालयमा मंसीर ९ गते ती सम्झौता भएका हुन्। धेरैजसो सम्झौता भारतीय प्रधानमन्त्री मोदीले यसअघि नेपाल भ्रमणका क्रममा प्रतिबद्धता जनाएका विषयहरुमा छन्। भारतीय प्रधानमन्त्री मोदीको नेपाल भ्रमणको अवसर पारेर बहुप्रतीक्षित अरुण तेस्रो आयोजना निर्माणका लागि भातीय कम्पनी सतलज जलविद्युत निगमसँग परियोजना विकास सम्झौता (पीडीए) भएको छ। नेपालको जलविद्युत विकासका क्षेत्रमा यो दोस्रो पीडीए हो। यसअघि नौ सय मेगावाटकै माथिल्लो कर्णाली जलविद्युत आयोजना निर्माणका लागि भारतीय निजी कम्पनी जीएमआरसँग पीडीए भएको थियो। अरुण तेस्रोको पीडीएमा लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत राधेश पन्त र सतलजका अध्यक्ष आर.पी. सिंहले हस्ताक्षर गरेका छन्। धेरै लामो चर्चामा रहेको नौ सय मेघावाट क्षमताको यस आयोजना बुट मोडलमा निर्माण गर्न भारतको केन्द्रीय र हिमाञ्चल प्रदेशको संयुक्त लगानीमा स्थापना गरिएको सतलज जलविद्युत् निगम सन् २००८ मा प्रतिस्पर्धाबाट छनोट भएको थियो।

यसअघि २०५२ सालमा यो आयोजना निर्माण गर्न विश्व बैंक र एसियाली विकास बैंकले चासो देखाए पनि तत्कालीन विपक्षी दल नेकपा (एमाले)ले विरोध जनाएपछि आयोजनाको निर्माण प्रक्रिया अन्योलमा परेको थियो। सतलजका अध्यक्ष सिंहले आयोजनाले अबको बढीमा दुई वर्षमा लगानी जुटाई त्यसपछि पाँच वर्षमा निर्माण सम्पन्न गर्ने बताउँदै जतिसक्दो चाँडो आयोजना सम्पन्न गर्न आफूहरुले तत्कालै आवश्यक काम थालिहाल्ने बताए। अरुण तेस्रोबाट नेपाललाई २१ दशमलब नौ प्रतिशत (१९७ मेगावाट) निःशुल्क विद्युत्, स्थानीयलाई करिब छ प्रतिशत (एक अर्ब रुपियाँबराबरको) शेयर, प्रभावित छवटा गाउँ विकास समितिका प्रत्येक घरपरिवारलाई ३० युनिट निःशुल्क विद्युत् उपलब्ध हुनेछ। त्यसरी उपलब्ध गराइने विद्युत् वितरणका लागि नेपाल विद्युत् प्राधिकरणको नजिकको सटेसनबाट करिब ५६ किलोमिटर लामो ३३ केभीए प्रसारण लाइन निर्माणसमेत सतलजले गरिदिने सहमति जनाएको छ। अरुण तेस्रोको पीडीएको मस्यौदामा सिँचाइ, वातावरणसम्बन्धी व्यवस्था माथिल्लो कर्णालीजस्तै रहने जनाइएको छ।

सतलजले २५ वर्ष उपभोग गर्ने यस आयोजना नेपाललाई हस्तान्तरण गर्नुपूर्व आयकर, विद्युत् रोयल्टी, निःशुल्क विद्युत्, मूल्य अभिवृद्धि करसमेत गरी तीन खर्ब ४८ अर्ब रुपियाँ बुझाउने लगानी बोर्डको भनाइ छ। यस आयोजनामा तीन हजार स्थानीयले रोजगारी पाउनुका साथै आयोजना विकासकर्ताले ८५ किलोमिटर सडकसहित विभिन्न विकास निर्माणका काम गरिदिनेछ। कुल एक खर्ब चार अर्ब रुपियाँ लागत अनुमान गरिएको यो आयोजना सन् २०२० देखि सञ्चालनमा आउने लक्ष्य राखिएको छ। लागतका हिसाबले समेत सस्तो मानिएको यस आयोजनामा हिउँद र वर्षामा समेत पानीको बहावमा ठूलो अन्तर नहुने हुँदा हिउँदमा पनि तुलनात्मक रुपमा बढी विद्युत् (८० प्रतिशत) उत्पादन हुने जनाइएको छ।

**काठमाडौं-दिल्ली बस सेवा शुरु**

नेपालका प्रधानमन्त्री कोइराला र भारतीय प्रधानमन्त्री मोदीले संयुक्त रुपमा काठमाडौं-दिल्ली सीधा बस सेवाको शुभारम्भ गरेका छन्। पैतीसजना यात्रु चढेको बा.३ ख ४१६९ को बसमा चढेर दुबै प्रधानमन्त्रीले यात्रुलाई बिदाई पनि गरेका थिए। दिल्लीमा मंसीर ९ गते नै भारतीय सडक तथा यातायातसम्बन्धी संघीयमन्त्री नितित गडकरीले काठमाडौंतर्फ आउने बसको पनि शुभारम्भ गरेका थिए। नेपाल-भारतबीत १० गते भएको मोटर भेहिकल एग्रिमेन्टसँगै सञ्चालनमा आएको यस बस सेवा पनि अब बीचमा कुनै पनि अवरोधबिना काठमाडौं-दिल्ली-काठमाडौं आवतजावत हुनेछ। हाललाई एउटा उउटा बस सञ्चालन भए पनि पछि यो संख्या बढाउँदै लगिने जनाएको छ। तीन हजार पाँच सय रुपियाँ (दुई हजार एक सय भारतीय रुपियाँ) मा आउन वा जान सकिने यो बस नेपालतर्फ नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले सञ्चालनमा ल्याएको हो। विगत १७ वर्षदेखि यस्तो बस सेवा सञ्चालन हुँदै आए पनि पहिले अन्तर्राष्ट्रिय तथा प्रान्तीय नाकाहरुमा झन्झट र करहरु बुझाउनुपर्ने बाध्यता थियो।

**एक खर्ब सहुलियत ऋण**

भारतीय प्रधानमन्त्री मोदीले यसअघि नेपालको संसदमा सम्बोधन गर्ने क्रममा घोषणा गर्नुभएको एक खर्ब रुपियाँ सहुलियत ऋण सहयोग सम्बन्धी सम्झौतापत्रमा पनि हस्ताक्षर भएको छ। नेपाल सरकारले छनोट गरेका पूर्वाधार, जलविद्युत् र सिँचाइ आयोजनामा खर्च गर्ने गरी भारतको एक्जिम बैंकबाट उक्त ऋण प्राप्त हुने भएको छ। उक्त ऋण बीस वर्षभित्र एक प्रतिशत ब्याजमा भुक्तानी गरिने अर्थ मन्त्रालयका सहसचिव मधुकुमार मरासिनीले जानकारी दिए।

**माटो परीक्षण घुम्ती प्रयोगशाला हस्तान्तरण**

भारतले करिब ४८ लाख रुपियाँ पर्ने माटो परीक्षण घुम्ती प्रयोगशाला नेपाललाई हस्तान्तरण गरेको छ। उक्त प्रयोगशाला भारतको उडिसास्थित भुवनेश्वरस्थित पारादिप फस्फेट्स लिमिटेडले नेपाललाई उपलब्ध गराएको हो। दुवै प्रधानमन्त्रीको उपस्थितिमा पारादिप फस्फेट्सका सरोजकुमार पाड्दारले कृषि विकास मन्त्रलयका जयमुकुन्द खनाललाई उक्त प्रयोगशाला भ्यानको चाबी हस्तान्तरण गरे। यसबाट माटोको पीएच, नाइट्रोजन, फस्फोरस, पोटास, कार्बन तथा प्राङ्गारिक पदार्थको परीक्षण स्थानीयस्तरमै गर्न सकिनेछ। यसरी माटो परीक्षण गरेपछि कृषकले माटो स्वास्थ्य आवश्यक मात्रामा मलखादको प्रयोग गर्न सकिने कृषि विकास मन्त्रालयले जनाएको छ।

**तीन सहर सिस्टर सिटी**

नेपाल र भारतबीच तीनवटा धार्मिक सहरमा अब सिस्टर सिटीको सम्बन्ध कायम भएको छ। यस्तो सम्झौताबाट नेपालको जनकपुर र भारतको अयोध्या, नेपालको काठमाडौं र भारतको बनारस र नेपालको लुम्बिनी र भारतको बोधगयाबीच सिस्टर सिटीको सम्बन्ध जोडिएको हो। नेपालको सम्बन्धित नगरपालिकाका कार्यकारी अधिकृत र भारतीय राजदूत रञ्जित रायले यससम्बन्धी सम्झौतामा हस्ताक्षर गरेका छन्।

यस्तो सम्झौताले दुई देशबीच सांस्कृतिक सहयोग आदानप्रदानका साथै सम्बन्धित सहरहरुबीचको सम्बन्ध विस्तारमा सहयोग पुग्ने परराष्ट्र मन्त्रालयले विश्वास छ। त्यसबाहेक भारतले काभ्रेमा सुविधासम्पन्न राष्ट्रिय प्रहरी प्रतिष्ठान निर्माणका लागि अनुदान सहयोग गर्ने पर्यटन तथा आतिथ्य सत्कार क्षेत्रमा सहयोग आदानप्रदान बढाई दुई देशको सम्बन्ध तथा मित्रता वृद्धि गर्ने, युवाको विकासका लागि दुई देशबीच संरचना निर्माण गर्ने, परम्परागत औषधी उपचारका क्षेत्रलाई प्रवर्द्धन र विस्तार गर्नेसम्बन्धी छुट्टाछुट्टै सम्झौतापत्रमा पनि हस्ताक्षर भएको छ।

# शान्ति सम्झौताको ८ वर्ष पूरा, काम अधुरै

हि.दृ. संवाददाता

तत्कालीन नेकपा माओवादी र नेपाल सरकारबीच विस्तृत शान्ति सम्झौता भएको आठ वर्ष पूरा भएको छ। सशस्त्र द्वन्द्व गरिरहेको माओवादीसँग २०६३ साल मंसिर ५ गते सरकारले शान्ति सम्झौता भएको थियो।

सम्झौता अनुसार सशस्त्र लडाईंको औपचारिक अन्त्यको घोषणा, माओवादी सेना र नेपाली सेनाको हतियार संयुक्त राष्ट्रसंघले प्रमाणीकरण र अनुगमन गर्ने, माओवादीले कब्जा गरेका सबै सम्पत्ति फिर्ता गर्ने, मानव अधिकार र अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी कानूनहरूको पूर्ण पालना गर्ने, राजाको सबै राजनैतिक अधिकार अन्त्य गर्ने, उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गर्ने, माओवादी सेनाका लडाकुहरूको रेखदेख समायोजन र पुनर्स्थापना गर्ने, दश वर्षे युद्धबाट पीडित र विस्थापित व्यक्तिहरूको पुनस्थापना गर्ने र हातहतियार, गोलीगठ्ठा र विस्फोटक पदार्थ साथमा लिई आवतजावत गर्नु गैरकानूनी मानिने भनिएको छ। तर सम्झौता भएको आठवर्ष पूरा भएर नौ वर्ष लाग्दा पनि राजाको शासन अन्त्य, लडाकू समायोजन र हतियार व्यवस्थापन मात्र कार्यान्वयनमा आएका छन्।

**राज्य पुनसंरचना, शासकीय स्वरुप, न्याय प्रणाली र निर्वाचन प्रणालीका विषयमा दलहरुबीच कुरा नमिल्दा सहमति हुन सकेन**

अरु विषयमा दलहरुबीच सहमति जुट्न सकेको छैन। पहिलो संविधान सभाबाट संविधान जारी गर्न नसकेका दलहरुले दोस्रो संविधान सभाको निर्वाचन भएको मंसिर ४ गते एकवर्ष पूरा हुँदा पनि संविधानको पहिलो मस्यौदा जारी गर्न सकेका छैनन्। असोज मसान्तसम्ममा संविधानको पहिलो मस्यौदा राजपत्रमा छाप्नुपर्ने भएपनि सवैधानिक राजनीतिक संवाद तथा सहमति समितिले विवादित विषयमा सहमति जुटाउन नसक्दा मस्यौदा निर्माणको काम अन्यौलमा परेको छ। राज्य पुनसंरचना, शासकीय स्वरुप, न्याय प्रणाली र निर्वाचन प्रणालीका विषयमा दलहरुबीच कुरा नमिल्दा सहमति हुन नसकेको हो।

सम्पादकीय

# हाम्रो राष्ट्रियता के हो ?

**विश्वका एकमात्र हिन्दू राष्ट्र नेपाल हो । संविधानमा धर्मनिरपेक्षता शब्द उल्लेख गरिए पनि नेपालको चरित्र र व्यवहार हिन्दु राष्ट्रकै हो । राज्यस्तरबाट राष्ट्राध्यक्षको धार्मिक कार्यक्रममा अनिवार्य उपस्थितिले पनि 'नेपाल हिन्दू राष्ट्र हो' को पुष्टि गर्दछ । यहाँका आम जनतालाई विश्वमा हिन्दूको नाताले चिनिन्छ । अर्थात् नेपालीको पहिचान नै हिन्दुत्व हो । विश्वमा जहाँ गए पनि म नेपालबाट आएको भन्नासाथ हिन्दू होला भनी व्यवहार गरिन्छ । 'हिन्दू' शब्द नेपाल रनेपालीका लागि पर्यायवाची बन्न पुगेको छ । हिन्दुत्वबिना विश्वमञ्चमा नेपाल र नेपालीको कल्पना गर्न सकिन्न । नेपाल र नेपालीको यो गौरवमय पहिचानलाई समाप्त गर्नका लागि आजभोलि अनेकौं इसाई र मुस्लिम संघसंस्थाहरूले विभिन्न बहाना बनाई लागिपरेका छन् । उनीहरूको प्रचारात्मक शब्दहरू जति कर्णप्रिय भए पनि उनीहरू भित्रीरूपमा नेपालीलाई हिन्दुत्वको पहिचानबाट पृथक गर्न चाहन्छन् किनभने उनीहरूलाई राम्ररी थाहा छ कि व्यक्तिको पहिचान, राष्ट्रको पहिचान हो र राष्ट्र र व्यक्तिको पहिचान नै राष्ट्रियता हो ।**

**नेपालीहरूको राष्ट्रियता हिन्दुत्व हो । हिन्दुत्वमाथि कसै आक्रमण गर्न खोज्छ भने यको अर्थ हाम्रो राष्ट्रियतामाथि आक्रमण गरेको ठानिने छ । हिन्दुत्वबिना नेपाल र नेपालीको पहिचान कुनै अर्थ भइरहेको आक्रमणको विरुद्धमा संगठित रूपमा प्रतिकार गर्नु नै राष्ट्रियता जोगाउनु हो । विश्वमा यस्ता कैयौं देश छन्, जसले इसाई र मुसलमानको बहकाउमा आफ्ना गरिमामय पहिचानप्रति सतर्क रहेनन् । आज ती राष्ट्रका सन्ततिहरू विचलित छन् । आफ्नो पहिचानका लागि विश्वमञ्चमा संघर्षरत छन् तर कसैले विश्वास गर्न सकिरहेका छैनन् । त्यस्ता देशका आधुनिक युवाहरूलाई पाँच लाइन राष्ट्रभक्तिको पक्षमा बोल्ने अवसर दिंदा पनि तिनीहरू बोल्न सकिरहेका छैनन्, त्यसो किन भयो ? यसको एउटै कारण हो कि उनीहरूसँग गौरवशाली पहिचान अब रहेनन् । नेपालहिरूको आउँदा सन्तति पनि त्यसखालका समस्याहरूको शिकार नहोऊन्, त्यसका लागि पनि सबै मिलेर नेपाल र नेपालीहरूको गौरवमय विश्वव्यापी पहिचान हिन्दुत्वको रक्षा गर्नुपर्दछ । कुनै नेपाली जहाँ गए पनि हिन्दू हौं, गौरव भन्नुपर्दछ ।**

**नेपालीहरूको राष्ट्रियतालाई समाप्त पार्नका लागि विदेशी शक्तिहरूले नेपालका युवाहरूमा आफ्नै पहिचानप्रति हीनताबोधको वातावरण सिर्जना गराउँदैछ साथै नकारात्मक राष्ट्रियता उत्पन्न गराउन खोज्दैछ । गौरव गर्न ठाउँहरूबाट ध्यान विकर्षण गराउन निमित्त अरूलाई गाली गर्नु, ईर्ष्या गर्नुलाई राष्ट्रियतासँग जोडिएको छ । जसको परिणामस्वरूप आजका युवाहरू पश्चिमी संस्कृतिहरूको चपेटामापर्नुका साथै आफ्नो राष्ट्रिय पहिचान बिर्सने अवस्थामा पुगिसकेका छन् ।**

**नेपालीहरूले आफ्नो गौरवशाली हिन्दू धर्म र संस्कृतिलाई संरक्षण र संवर्द्धन गर्दै संगठित हिन्दू समाजका चरित्रका साथ विश्वलाई नेतृत्व दिन सक्ने बनौं, हिन्दुत्वको मार्गले मात्र विश्वमा शान्ति सम्भव छ । अतः हामी पहल गरी विश्वलाई नै दिशा निर्देश गरौं । यो तब सम्भव छ, जब हाम्रो हिन्दुत्वको गरिमा विश्वमा बढ्नेछ । आउँ, सबै मिली नेपाली र नेपालीको हिन्दुत्वमा आधारित राष्ट्रियतालाई जोगाऔं ।**

# संस्कृत ब्रेनटोनिक हो

संस्कृतलाई देवभाषा, ब्राह्मणको भाषा भनी विरोध गर्नेहरूलाई अमेरिकी वैज्ञानिक डा. फ्रेड ट्रविराले संस्कृत भाषाको वैज्ञानिक उपयोगिता एवं महत्व बताउँदै संस्कृतको उच्चारणबाट मस्तिष्कको क्षमता वृद्धि हुनुका साथै शरीरको प्रतिराधक क्षमताको पनि विकास हुने गरेको तथ्य सार्वजनिक गरेको छ ।

अमेरिकाको फेरिफिल्डस्थित विद्यालयका डा. फ्रेड ट्रिविराले संस्कृत भाषाको गहन शोधपछि यस निष्कर्षमा पुगेका छन् । उनको भनाइ छ, योग-ध्यानबाट मनुष्यको मस्तिष्कमा पर्ने प्रभाव जतिकै सकारात्मक प्रभाव संस्कृत शब्दहरूको उच्चारण गर्दा मस्तिष्कमा पर्छ । हेक्का रहोस्, डा. फ्रेड ट्रविरा सो विद्यालयका राइका फिजियोलोजी प्रयोगशालाका निर्देशक हुन् ।

नेपालमा ०४६ सालको जनआन्दोलनबाट प्रजातन्त्रको पुनर्स्थापना हुनासाथ नेपालमा आदिवासी, जनजाति र दलितहरूलाई आकर्षित गर्न कम्युनिष्ट पार्टीहरू वशेषगरी एमालेले प्राथमिक तहदेखि नै संस्कृतलाई अनिवार्य विषय नबनाई ऐच्छिक विषय बनाउनु पर्ने आवाज प्राथमिकताका साथ उठायो । साथै संस्कृतको विरोध गर्नेहरूले संस्कृत ब्राह्मणका भाषा र ब्राह्मणवादका परिचायक रहेको आरोप लगाउनमा पनि पछि परेन । माओवादीहरूले पनि आफ्नो हिंसात्मक आन्दोलनको क्रममा संस्कृत विरोधी गतिविधि जारी राखे । मन्दिरलाई अपवित्र बनायो, संस्कृत पढाउने शिक्षकमाथि सांघातिक आक्रमण गरियो र ब्राह्मणहरूको टुप्पी काटियो । हामी स्वदेशी सीप र विशेषताहरूलाई रूढीवादी मान्दै पश्चिमेलीहरूको रहनसहन र जीवनशैलीलाई आधुनिक भनी अन्ध अनुकरण मात्र गर्दैनौं कि उनीहरूले जे भने पनि सहर्ष स्वीकार गर्न गरेका छौं ।

यसैले अमेरिकी वैज्ञानिक ट्रिविराको संस्कृतको वैज्ञानिक विशेषता सम्बन्धी खोजमाथि विश्वास गर्नैपर्ने हुन्छ । हिजोसम्म संस्कृतलार्य पाठ्यक्रमको बोभ भनी विरोध गर्ने कम्युनिष्ट र केही जनजातिहरूले आफ्ना बालबालिकाको शैक्षिक भविष्य एवं मानसिक विकासको लागि प्राथमिक कक्षादेखि नै संस्कृतको अनिवार्य पठनपाठन हुनुपर्न माग गर्दछन् वा गर्दैनन् ? त्यसको सबैलाई प्रतीक्षा छ ।

# भेटियो अशोक बाटिका

नई दिल्ली । मिडियाको प्रचारभन्दा पृथक रहँदै पंजाव निवासी अशोक कैथले विभिन्न व्यवधानहरू पार गर्दै श्रीलंकास्थित माता सीताको स्मृति स्थलीलाई विधर्मीहरूबाट मुक्त गराउनमा सफलता प्राप्त गरेको छ । लामो समयको पर्खाइपछि उहाले रहस्योद्घटन गर्नुभयो, "श्रीलंका सरकारको सहयोगले रावणको अशोक बाटिका सनातनधर्मीहरूको अधिकार क्षेत्रमा छ र त्यहाँस्थित प्राचीन मन्दिरको जीर्णोद्धार कार्य पनि भइरहेको छ ।"

प्राप्त जानकरी अनुसार यो स्थान कोलम्बोबाट कैदी सहरतिर जाने सडकमा २ सय कि.मि.को दुरीमा नुआर एलिया नामक गाउँअन्तर्गत पर्दछ । यस स्थानलाई स्थानीय भाषामा 'सीता एलिया' को नामले चिनिन्छ । रामायणमा वर्णन भएअनुसार आज पनि अशोक बाटिकाको चारैतिर प्रकृतिप्रदत्त मनोरम दृश्यहरू विद्यमान छन् । आज पनि सुगन्धित रूख र दुर्लभ जडिबुटीहरू त्यहाँ पाइन्छ ।

राजनीतिक आश्वासनपछि पनि श्री कैथको कार्ययोजनाको बाटो सरल थिएन किनकि यो ठाउँ स्थानीय मुस्लिम समुदायको कब्जामा थियो र त्यहाँ मासु, रक्सीको सेवन गरी त्यस स्थानको पवित्रता भंग गरिन्थ्यो । साथै स्थानीय ४६ इसाई संस्थाहरूले यो कार्यको विरुद्ध आन्दोलन गरिरहेका छन् । उनीहरू यस कार्यको सफलतापछि हिन्दूहरूको मनोबल बढ्ने देखेर विरोध गरिरहेका छन् । -विसंके

# अमेरिकी विद्यालयको पाठ्क्रम परिवर्तन गराए

बर्जिनिया । अमेरिकाको वर्जिनियास्थित फेयरफैक्स काउन्टी विद्यालयमा हिन्दू अभिभावकहरूले विद्यालयको पाठ्यक्रममा हिन्दू संस्कृतिको सही चित्रण नगरिएकोमा विरोध प्रकट गरे । व्यापक विरोधपछि विद्यालय प्रशासनले पाठ्यक्रम परिवर्तन गऱ्यो । यो विद्यालय १०+२ सम्मका त्यहाँको सबभन्दा ठूलो एवं चर्चित विद्यालय हो ।

विद्यालयको पाठ्यक्रमबार तब थाहा भयो, जब फेयरफैक्स काउन्टीकी हिन्दू व्यवसायी महिला सन्ध्याले आफ्नो तीन छोरीहरूलाई विश्वका अनेकौं संस्कृतिबारे अध्ययन गराउन सुरू गरे । यसै अध्ययनको क्रममा उहाँले इतिहासको किताब पल्टाएर देखे, अनि मात्र थाहा भयो कि यस पुस्तकहरूमा हिन्दू धर्म एवं संस्कृतिको विकृत स्वरूपको चित्रण गरिएको छ । सन्ध्याले यो कुरा त्यस विद्यालयका हिन्दू अभिभावकहरूसमक्ष राखे । सबै अभिभावकहरूले सामूहिक रूपमा विद्यालय प्रशासनलाई विद्यालयको पाठ्क्रममा परिवर्तन गर्न दबाव दिए । यस दबावको परिणामस्वरूप विद्यालयको पाठ्यक्रममा हिन्दू धर्म एवं संस्कृतिको सही तस्बिर प्रस्तुत गरियो ।

# सार्क कति सार्थक ?

खासगरी अन्य क्षेत्रीय संगठनहरु युरोपेली युनियन (इयु) र दक्षिणपूर्वी मुलुकहरुको समूह आशियानसंग तुलना गर्दै सार्क निकै पछि परेको आलोचना हुने गर्छ । सार्कका वर्तमान महासचिव अर्जुनबहादुर थापा जस्तै यसको बचाव गर्नेहरुले भने अन्य संगठनहरुको तुलनामा सार्क धेरै पछि स्थापना भएकाले तिनीहरुकै हाराहारीमा सफलता अपेक्षा गर्न नहुने तर्क गर्ने गरेका छन् । तर कतिपय आलोचकहरु तीन दशक थोरै समय नभएको भन्दै कान्छो संगठन भएको देखाएर सार्कले आफ्ना कमजोरी ढाकछोप गर्न खोजेको ठान्छन् ।

सम्मेलनहरु कार्यान्वयन नहुने वाचाहरुको घोषणापत्र जारी गर्ने थलो बन्दै गएको भन्दै सार्कको आलोचना हुने क्रम रोकिएको छैन । प्रख्यात पत्रिका 'दी इकोनोमिस्ट'ले सन् २०१२ फेब्रुअरीमा प्रकाशित आफ्नो एउटा आलोचनात्मक आलेखमा भनेको थियो, "दक्षिण एसिया संसारकै सबैभन्दा न्यून एकीकृत भूभाग हो । भारतको कुल आयातको ० दशमलब ५ प्रतिशत हिस्सामात्रै छिमेकीहरुको छ भने भारतीय कुल निर्यातको ४ प्रतिशतमात्रै छिमेकीहरुबाट जान्छ । परस्परविरोधी भारत र पाकिस्तानले विश्व जनसंख्याको १/५ अंश ओगट्छन् तर उनीहरुको दुईपक्षीय व्यापार ३ अर्ब डलरभन्दा कम छ । मुख्य क्षेत्रीय संयन्त्र सार्क असान्दर्भिक भइसकेको छ" । दुई वर्षपछि परिस्थिति अहिले पनि खासै बदलिएको देखिदैंन । सम्मेलनहरु कार्यान्वयन नहुने वाचाहरुको घोषणापत्र जारी गर्ने थलो बन्दै गएको भन्दै सार्कको आलोचना हुने क्रम रोकिएको छैन ।

खुला व्यापारको उद्देश्य राख्ने साफ्टा घोषणा भएको आठ वर्ष भइसक्दा पनि त्यसमा परिकल्पना गरिएअनुसार कतिपय वस्तुमा भन्सारदर अझै घट्न सकेको छैन । पछिल्लो विवरण अनुसार हालसम्म साफ्टा अन्तर्गत सदस्य मुलुकहरुबीचको निर्यात जम्मा तीन अर्ब अमेरिकी डलर मात्रै छ । सम्मेलन नजिकिँदै जांदा पनि सम्मेलनस्थल अझै पूर्ण रुपमा तयार भइसकेको छैन । नियमित शिखर सम्मेलन डाक्न समेत सार्कले पटकपटक अप्ठ्यारा झेल्नुपरेको छ । सन् १९८५ मा सार्क विधिवत स्थापना हुंदाबखत हरेक वर्ष शिखर सम्मेलन गर्ने योजना बनाइएको थियो । तर कहिले भारत-पाकिस्तान द्वन्द्व त कहिले अन्य सदस्य मुलुकभित्र विकसित प्रतिकूल घरेलु राजनीतिक अवस्थालाई देखाएर शिखर सम्मेलन पटकपटक पछि धकेलिएका छन् । यसपटकको सम्मेलन पनि मालदिभ्समा भएको १७औं सार्क सम्मेलनको तीन वर्षपछि नेपालमा हुन लागेको छ ।

परराष्ट्रविद् भेषबहादुर थापा जस्ता कतिपय विश्लेषकहरु कतिपय सदस्य राष्ट्रहरुको अस्थिर घरेलु राजनीति र सदस्य राष्ट्रहरुबीचको आपसी अविश्वासलाई सार्कले अपेक्षित गति लिन नसक्नुको प्रमुख कारण ठान्छन् । तर सन् १९६७ मा गठित आशियनमा कतिपय सदस्य राष्ट्रबीच समुद्री सीमा जस्ता विषयलाई लिएर गहिरो कटुता भएपनि उसले खुला व्यापारको अवधारणालाई अत्यन्तै प्रभावकारी ढंगले लागू गरिरहेको छ । द्वितीय विश्वयुद्धपछि नै थेरथोर स्वरुप ग्रहण गर्न थालेको इयुले साझा मुद्रा नै अंगालिसकेको छ ।

आलोचकहरुको सुझाव छ, जहिलेसम्म अविश्वासको बादल फांट्दैन, क्षेत्रीय अर्थबजार विस्तार हुंदैन अनि यातायात सञ्जाल सुदृढ हुंदैन तबसम्म सार्क सांचो अर्थमा सार्थक हुनेछैन । तर सार्कको सबैभन्दा ठूलो अनि शक्तिशाली मुलुक भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले सार्कलाई नयां दिशा दिने वाचाहरु गरिररहंदा यो क्षेत्रीय संगठनप्रति पछिल्लो समय केही आशा जागेको ठान्नेहरु पनि प्रशस्तै छन् । मोदीले गत मे महिनामा आफ्नो शपथ ग्रहणमै सार्क सदस्य मुलुकका राष्ट्र तथा सरकारप्रमुखलाई निम्त्याएर नौलो अभ्यास थाल्दै सार्कलाई प्राथमिकतामा राख्ने संकेत दिइसकेका छन् । भारतीय प्रमले आफ्नो शपथमा सार्क मुलुकका राष्ट्र र सरकार प्रमुखहरुलाई बोलाएर सार्कलाई प्राथमिकतामा राख्ने संकेत गरेका थिए । सार्कले अपेक्षित गति लिन नसकेको बताइएका बेला आपसी यातायात सञ्जाल सुदृढ पार्नुपर्ने आवाजहरु जोडतोडका साथ उठिरहेका छन् । सन् २००६ मा सार्क सचिवालय आफैले सम्भावित क्षेत्रीय सडक, रेल, समुद्री तथा हवाइ मार्गहरु पहिचान गरेपनि आठ वर्ष बितिसक्दा पनि ठोस काम हुन सकेको छैन । यसपालिको सम्मेलनमा सडकमार्गबाट सवारी साधनको आवातजावतसम्बन्धी सम्झौता-मोटर भेइकल एग्रिमेन्ट तथा रेलवे सञ्जाल विस्तारसम्बन्धी सम्झौता हुने भनिएको छ । तर भारतको सक्रियतामा तयार ती प्रस्तावहरुप्रति पाकिस्तानले खासै रुचि नदेखाएकाले सम्झौता हुने, नहुने अन्योल नै रहेको परराष्ट्रका अधिकारीहरु बताउंछन् ।

कमजोरीहरु रहंदारहंदै पनि सार्कले केही उपलब्धिहरु हासिल गरेको ठान्नेहरु हुंदै नभएका होइनन् । सार्क स्थापनायता यो क्षेत्रमा कुनै ठूलो युद्ध नभएको, कार्यान्वयनमा केही समस्या भएपनि साफ्टाको अवधारणा अवलम्बन गरिएको, सार्क सदस्य राष्ट्रहरुबीच सीमित भएपनि उदार भिसाप्रणाली थालिएको, दक्षिण एसियाली विश्वविद्यालय स्थापना गरिएको जस्ता घटनालाई उपलब्धिको रुपमा व्याख्या गर्ने गरिन्छ ।

जनस्तरमा सम्बन्ध विस्तारले पनि घनिभूत रुप लिएको भन्दै अधिकारीहरु खुसी व्यक्त गर्ने गर्छन् । तर यतिमै सन्तुष्ट हुनेहरुलाई आलोचकहरुको सुझाव छ, जहिलेसम्म अविश्वासको बादल फांट्दैन, क्षेत्रीय अर्थबजार विस्तार हुंदैन अनि यातायात सञ्जाल सुदृढ हुंदैन तबसम्म सार्क सांचो अर्थमा सार्थक हुनेछैन ।

# कुरा धर्मनिरपेक्षताको

मानव धर्म जसले विश्वका मानवलाई मात्र होइन, सम्पूर्ण जगतका चराचर प्राणीहरूलाई नै आफ्नो अभिन्न आत्मीय अंग मान्दछ । जुन विश्वका संरचनाकाल अघिदेखि नै थियो । जसको कुनै निर्माता वा संस्थापक नै छैन । दैव प्रदत्त धर्म सनातन विश्वमय छ । प्रकृति पञ्च महाभूत निरंकार यस्तो धर्मको विश्वकै पटलमा संरक्षण पालना गर्ने कर्तब्य सम्झँदै आएको नेपाल जो विश्वको एकमात्र हिन्दू राष्ट्र कहलाउँथ्यो, एक झट्कामा समाप्त भयो । आज त्यसलाई टुक्राएर छिन्नभिन्न गरी विश्वलाई नै धर्महीन, मानवत्वहीन बनाउने कुप्रयासको दिवास्वप्न भन्दा अरू केही मान्न सकिँदैन । सत्य थियो, सत्य छ, सत्य सर्वदा रहिरहने छ । असत्य मधुकैटव जस्तै सृजने मैला हुन् । मधुकैटवले कमलको नाल समातेर हल्लाए । धर्मस्वरूप नारायणलाई आफ्नै नाश हेतु जगाए झैं हिन्द महासागरमा निदाएको हिन्दू गोही घायल बनाएर जगाउने काम पुनर्स्थापित हुतिहारा संसदले गर्‍यो ।

हिन्दूहरू जाग्छन् र घोर संघर्ष हुन्छ । मधुकैटवको अन्त्य निर्विवाद छ । किनकि नेपाल धर्मबिना रहन सक्दिनन् । धरा स्वरूपा गौमाता जहाँ पूजिन्छिन्, त्यहाँ धार्मिक विवाद ल्याएर आज छिमेकी मुलुक भारतको जुन हालत छ, त्यही हालतमा नेपाललाई पुर्‍याउने नभई विश्वको नै विप्लव स्थिति भित्राउने दुस्साहस हुन गयो । धरा धर्महीन भइन् भने विश्व असहाय हुनेछ । यसका अन्य केही विकल्प छन् भने अन्य धर्मावलम्बीहरू आई आ-आफ्नो वाद र सिद्धान्त अनुसार सिद्ध गरियोस् । यदि विकल्पहीन व्यवस्थालाई स्थान दिइयो भने यसको परिणाम भोग्न असाध्य हुनेछ । यसका साक्षीहरू इतिहास, पुराण हाम्रा अगाडि छन् । धर्मनिरपेक्षको ढकनी लगाउन पाइन्न । या त यी शास्त्रहरूलाई असत्य प्रमाणित गराई ठहराई यसलाई डढाउन सक्नु पर्‍यो । अन्यथा आफ्नै कर्मद्वारा चल्नुपर्छ । आफ्नै राष्ट्रको मौलिकता, संस्कृति र परम्पराको स्वरूपलाई विभत्स पार्न खोज्नेहरूलाई कसैले पनि क्षमा गर्न सक्दैन । अबुद्धि, विवेकहीन मानवलाई जुन भाषाले बुझाउन सकिन्छ, सोही भाषा प्रयोग गरी हिन्दू समुद्र गर्जने छ ।

निश्चलतालाई चलाउन खोज्नु अज्ञानको अति पराकाष्ठा मान्नु सिवाय अरू के हुन सक्छ ? वास्तवमा धर्मनिरपेक्ष शब्द नै गलत हो । यो शब्दमा मानवताको हितका लागि उपादेयताको उपहास गरिएको छ । यसको ज्वलन्त उदाहरण छिमेकी राष्ट्र भारत यसै शब्दको विषालु रागमा पिल्सिएर छटपटाइरहेको छ ।

वैदिक सनातन हिन्दू धर्म एउटा यस्तो धर्म हो, जसले बाँच र बाँच्न देऊ भन्ने कुरा उद्घोष गर्दछ । हिन्दू धर्म सहिष्णु छ । हिन्दू समाजले कतै कसैलाई लुटेन । पाश्चात्य भेदनीति मुलुक धर्मनिरपेक्ष शासनपद्धति चलाउनाले ठूलो हानीकारक सिद्ध हुनेछ । महाकवि भारवीले भन्नुभएको छ, कुनै पनि निर्णय बिना सम्झे बुझे विवेकहीन तरिकाले एकाएक गर्नुहुँदैन । अविवेकी कार्य अवश्य घातक हुन्छ ।

नेपाल राष्ट्र हिन्दू संस्कृति हिन्दू सभ्यताको प्राण हो । जो सम्पूर्ण विश्वलाई हिन्दुत्वको अमर सन्देश दिँदै आएको छ । तर दुर्भाग्यवश आज वृहद हिन्दू समाजको काखमा बसेर २०५ जनाले नाक काटेर 'म' लगाइदियो । अब सम्पूर्ण हिन्दू धर्मावलम्बीहरूको निन्द्रा त्यागेर जाग्ने बखत आएको छ ।

# योमरी पुन्ही र धान्यपूर्णिमा मनाइयो

उपत्यकाका नेवार समुदायमा योमरी पुन्ही र धान्य पुर्णिमा मनाइएको छ । सोही परम्पराअनुसार नेवारी गीत गाउँदै बालबालिकादेखि बुढापाकासम्म सहभागी भइ यो दिन दिनभर योमरी मागिन्छ ।

इष्टमित्र, साथीभाइ, पाहुनालाई बाँडीचुडी खाने र खुवाउने परम्परा रहेको यो पर्वलाई माया, प्रेम, दया र करुणा आदान-प्रदानको रुपमा पनि लिने गरिएको छ । योमरी एक विशेष प्रकारको रोटी हो । योमरी पुन्हीका दिन गृहिणीले शुद्ध भएर चामलको पिठो, चाकु, तील, मासु, गुँदपाक, खुवा राखी योमरी बनाउने चलन छ । नेपाल भाषामा 'यो' भनेको मनपर्ने र 'मरी' भनेको रोटी र मिठाइ हो । सबैलाई मनपर्ने भएकाले नै यसको नाम 'योमरी' राखिएको संस्कृतिविदहरुको भनाइ छ । यसरी बनाइएको योमरीलाई धानका भकारीलगायतमा चढाउने गरिन्छ । यसरी चढाएको योमरी चार दिनपछि मात्र प्रसादका रुपमा बाँडेर खाने चलन छ । नेवार समुदायममा आफैंले उत्पादन गरेको अन्न ढिकुटी पूजा गरेर मात्र खाने चलनअनुसार यो पुन्ही मनाइन्छ ।

# सामाजिक परिवर्तनमा साहित्यको योगदान

आलोक भारद्वाज

साहित्यले कुन सीमासम्म र कसरी सामाजिक परिवर्तनमा आफ्नो भूमिकाको निर्वाह गर्दछ भन्ने कुरा साहित्यको सन्दर्भमा अनेक आधारभूत विषयहरुसँग गाँसिएको छ। त्यसले अनेकौं प्रश्नहरु पैदा पनि गर्दछ। ती विषयहरु साहित्यको उद्देश्य तथा प्रभावसँग सम्बन्धित छन् वा हुन्छन्। साथसाथै साहित्यको स्वभाव र चरित्रका प्रति पनि हाम्रो ध्यान तिनले आकर्षित गर्ने गर्दछन्। साहित्यको उद्देश्य वा प्रयोजनलाई लिएर प्राचीन कालदेखि नै पूर्वीय र पश्चिमा धेरै नै काव्य शास्त्रीहरुले विभिन्न किसिमका चर्चा परिचर्चा गर्दै आएका छन्। तर साहित्यको गहिरो सामाजिक सरोकार हुनुपर्दछ र त्यसले सामाजिक परिवर्तनमा महत्वपूर्ण भूमिका खेल्नु पर्दछ तथा त्यसले समाजमा पीडित-दलित वर्गको पक्षधर हुनु पर्दछ भन्ने चर्चा र चिन्ता भने अपेक्षाकृत आधुनिक युगकै देन हो।

यसको कारण के हो ? भन्ने प्रश्न निकै महत्वपूर्ण प्रश्न हो। के हाम्रा प्राचीन कवि, लेखक तथा साहित्यकारलाई आफ्ना चारैतिरको समाज र त्यसका व्यवस्थाहरुमा कहीं कतै कुनै अन्यायपूर्ण र अनुचित भइरहेको कुरा महसुस हुँदैनथ्यो ? के त्यस्तो स्थिति थिएन, जसको परिवर्तनको कामना तिनले गर्न सक्दथे ? वा सामाजिक व्यवस्थामा कुनै प्रकारको परिवर्तनको कामना गर्नु उनीहरुको संस्कारमा थिएन ? एकजना भारतीय साहित्यकार पण्डित हजारी प्रसाद द्विवेदीले त्यस प्रकारको प्रवृत्तिलाई भारतीय सहृदयको संस्कार भनेका छन्। दक्षिण एसियाली क्षेत्रमा दीर्घकालदेखि भारतीय उप महाद्विपका देशहरु के कुरामा विश्वास गर्दै आएको देखिन्छ भने कर्मको फल अवश्य नै भोग्नु पर्दछ। यस जन्ममा नभए पनि अर्को जन्ममा मानिसले आफ्नो कर्मको फल अवश्य भोग्नै पर्दछ। त्यसबाट बच्न सम्भव छैन।

**यस जन्ममा जे जति मानिसले पाएको छ, त्यो उसको पूर्वजनमको पुण्य या पापको परिणाम हो। अनि यस जन्ममा पनि उसले गरेको पुण्य या पापको परिणाम उसले अर्को जन्ममा भोग्नै पर्दछ। यस विश्वासको प्रभाव साहित्यमा पनि पर्‍यो।**

यस जन्ममा जे जति मानिसले पाएको छ, त्यो उसको पूर्वजनमको पुण्य या पापको परिणाम हो। अनि यस जन्ममा पनि उसले गरेको पुण्य या पापको परिणाम उसले अर्को जन्ममा भोग्नै पर्दछ। यस विश्वासको प्रभाव साहित्यमा पनि पर्‍यो। जुन कुरालाई पश्चिमी साहित्यमा समाजका प्रति विद्रोहको भावना भनेर बहुतै ठूलो संज्ञा दिने गरिन्छ, त्यो पूर्वीय र खासगरी भारतीय उपमहाद्विपको साहित्यमा एकदमै पाइँदैन। वस्तुतः प्राचीन कवि या साहित्यकर्मीहरुले यस संसारमा समस्त विधानलाई सामञ्जस्यपूर्ण र उचित मान्दछन्। 'धनी या गरीब हुनु पाप र पुण्यको परिणाम हो। राम्रो या नराम्रो कुलमा जन्म लिनु सुकृति या दुष्कृतिको फल हो। यसमा कुनै विरोध वा विद्रोहको आवश्यकता छैन' भन्ने नै यसको सार रहँदै आएको छ। विरोध या विद्रोहको जन्म असन्तोषबाट हुन्छ। व्यक्ति वा एउटा वर्ग जब आफ्नो स्थितिसँग असन्तुष्ट हुन्छ, ऊ त्यसबाट बाहिर निस्कन चाहन्छ। तर स्थापित मान्यता र व्यवस्थाहरुले उसलाई त्यसबाट बाहिर निस्कन दिँदैनन्। किनभने त्यसो गर्दा निर्धारित सीमाहरु टुट्दछन्।

त्यस्ता असन्तोषका केही उदाहरणहरु प्राचीन पूर्वीय खासगरी भारतीय साहित्यमा पनि पाइन्छन्। विश्वामित्रलाई राजर्षिबाट ब्रह्मर्षि पदको प्राप्तिका लागि आजीवन संघर्ष गर्नु परेको, एकलव्यले धनुर्विद्यामा कुलीन राजकुमारहरुले जस्तै दक्षता प्राप्त गर्ने प्रयास गरेको, अथवा शम्बुकले यो कुरा जान्दा जान्दै कि उनी शुद्र हुन् र तपसाधना उनका लागि बर्जित छ, तपस्यारत रहनु यस्ता प्रकारका केही उल्लेखनीय उदाहरण हुन्। प्राचीन भारतनमा बौद्ध र जैन धर्नको जन्म, स्थापना र स्वीकृति पनि रुढ वा रुढीग्रस्त हुँदै गएका परम्परा र मान्यताहरुको विरोधमा नै भएको थियो। अनि आफ्नो अभिव्यक्तिको लागि संस्कृतलाई छाडेर प्राकृत भाषाहरु अपनाइने प्रवृत्तिले पनि सामाजिक परिवर्तनको कार्यमा भाषा र साहित्यको महत्वपूर्ण भूमिकाका तर्फ संकेत गर्दछ। चार्बाकको दर्शन पुनर्जन्म र कर्मफलको सिद्धान्तका विरुद्ध त्यस युगको सबैभन्दा ठूलो चुनौती थियो। आधुनिक द्वन्द्वात्मक भौतिकवादका कैयौं सूत्रहरु चार्बाकको सिद्धान्तमा नै पाइन्छन्। जब चार्बाकले प्रष्ट भने कि जबसम्म बाँच्ने हो, सुखपूर्वक बाँच्नुपर्दछ, यदि त्यसो गर्नलाई तपाईंसँग स्रोत साधन छैन भने ऋण गरेरै भए पनि जीवनको मज्जा लिनु पर्दछ। एक दिन मरेर खरानी हुने जीवन फेरि फर्केर आउँदैन। त्यसो भएको कसैले देखेको छ ? (यावत घृतम् पिवेत्, भस्मीभूतस्य जीवस्य पुनरागमनम् कुत ? भन्ने यो चार्बाकको दर्शन त्यतिबेलाको सामाजिक व्यवस्थाप्रतिको तीव्र प्रतिक्रिया थियो। जसरी आत्मा, पुनर्जन्म, ईश्वर, परलोक र ती कुरामा आधारित पाप पुण्यको भय देखाएर सुविधा प्राप्त वर्गले समाजका अधिकांश मानिसलाई अभाव, गरिबी, कष्ट र अन्यायलाई चुपचाप सहिरहनका लागि प्रेरित गर्दथ्यो, त्यसमाथि हमला बोल्यो। चार्बाकले परलोक र स्वर्गको अवधारणालाई पूरै अस्वीकार गरिदिएका थिए। अनि तत्कालीन धार्मिक मान्यताको पूरै खिल्ली उडाएका थिए। उनी विद्वान दार्शनिक थिए। तर भारतका प्रसिद्ध प्रगतिशील लेखक स्वर्गीय प्रेमचन्दको कहानी कफनका दुइटा पात्र घिसु र माधी अनपढ गवार थिए।

परलोकको मान्यताको सम्बन्धमा दुवैको दृष्टिकोण कति समान थियो ? त्यस कथामा घिसुले भन्दछ- "कात्रो लगाउनाले के पाइन्छ, आखिर यो पनि त जलिहाल्छ। केही बुहारीसँग त जाँदैन।" माधो भन्दछ- "दुनियाँको चलनै यस्तै हो। होइन भने मानिसले ब्राम्हणलाई हजारौं रुपियाँ किन दान दिन्छन्। कसले देख्दछ परलोकमा त्यो प्राप्त हुन्छ कि हुँदैन ?

मन्दिर परिचय

## कुभिण्डे दह

विभिन्न धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक महत्वको धनी सल्यान जिल्ला प्राकृतिक सुन्दरताको दृष्टिकोणले पनि उत्तिकै महत्व छ। यस्तै स्थानमध्ये कुभिण्डे दह पनि एक हो। सदरमुकाम सल्लंगाबजारदेखि १० किलोमिटर पश्चिममा पर्ने कुभिण्डे दह सल्यान जिल्लाकै प्रमुख पर्यटकीय स्थल मानिन्छ।

कुभिण्डे दहको विशेषता भनेको वर्षायाम जतिसुकै धमिलो पानी मिसिए पनि स्वच्छ र निलो भइरहनु हो। यसैगरी हरिया पहाडै पहाडले घेरिएको भए पनि दहको पानमा पातपतिंगर कहीं पनि देखिँदैन। हेर्दा भव्य र विशाल देखिने यो दहको लम्बाइ, चौडाइ र गहिराइ कति छ भन्ने अहिलेसम्म थाहा भएको छैन।

स्थानीय गाउँलेले भने एक सय १५ फिटभन्दा बढी गहिरो भएको अनुमान गरेका छन्। यस दहको दक्षिण किनारमा नाग देवताको मन्दिर अवस्थित छ। यहाँ ६-६ महिनामा ठूलो मेला लाग्ने गर्दछ। भेडाको बली चढाइने यस मन्दिरमा सन्तान नहुने दम्पत्तिहरू गएर सन्तानको लागि वर माग्दछन्। यस दहको उत्पत्तिका बारेमा यहाँका वासिन्दामा एउटा किंवदन्ती रहेको छ। किंवदन्तीअनुसार प्राचीन कालमा यहाँ एउटा गाउँ थियो। जहाँ एकजना महात्मा बास बस्न आएछन्। गाउँमा बास माग्दा कुनै पनि व्यक्तिले बास बस्ने स्थान नदिएपछि उनी गाउँलेप्रति दुःख र क्रुद्ध भएछन्। अन्त्यमा गाउँकै छेउमा बस्ने कुटुनी बुढीले बास दिएपछि महात्मा त्यहीं बसेछन्। खानपिन सकेपछि महात्माले बुढीलाई भोलि यस गाउँका सबै मान्छे माछा बन्ने कुरा बताएछन्। भोलिपल्ट बिहानै दैलो पोत्न बाहिर निस्कँदा कुटुनी बुढीले महात्मालाई देखिनन्। उनले आफूलाई मात्र डाँडामाथि झुपडीमा एक्लै पाइन्। तर फेदीको उनको गाउँ पानीले भरिएको ठूलो कुभिण्डो आकारको दह बनेको उनले देखिन्। नभन्दै गाउँले महात्माले भनेझैं त्यस दहको माछा बनेछन्। यही दह नै पछि गएर कुभिण्डे दहको नामले चिनिएको कुरा किंवदन्तीमा पाइन्छ।

कुभिण्डे दहमा घुम्नलाई हालै मात्र डुंगाको व्यवस्था गरिएको छ। एक छेउबाट पूरै दह न देखिने भएकाले दहको सबै भाग घुम्नलाई यस्तो व्यवस्था गरिएको हो। यहाँ पुग्न सजिलो बाटो बनाइदिए र व्यापक प्रचार प्रसार भए ठूलो मात्रामा पर्यटक भित्रिनुका साथै सरकारलाई समेत राजस्व आउने देखिन्छ। राम्रो प्रबन्ध भएको खण्डमा स्थानीय वासिन्दामा भएको बेरोजगारीको समस्या पनि केही मात्रामा समाधान हुनसक्छ।

हिन्दुत्व नै राष्ट्रियता हो।

सधैं पढ्नुहोस्

जनकल्याण प्रतिष्ठान नेपालद्वारा प्रकाशित

**हिन्दू चेतना मासिक** पत्रिका

## माघ ८...

रहेको बताएका छन् । गृह जिल्ला गोरखाको भ्रमणका क्रममा १२ किलो गोरखामा आयोजित पत्रकार भेटघाटका क्रममा सभापति भट्टराईले भने -'कार्यतालिका पालना गर्न चाहीँ केही कठिनाई बनेको छ । संविधानका मुख्य अन्तरबस्तु संघीयता, शासकीय स्वरुप, निर्वाचन प्रणाली र न्याय प्रणालीका केही कुरामा दलहरुबीच सहमति बनिनसकेको कारणले ढिलाई भइराखेको छ । केही दिन वा हप्ताभित्र सहमति गर्न सकियो भने प्रक्रिया छोट्याएर माघ ८ मा संविधान जारी गर्न अहिले पनि सम्भव छ । मेरो चाहना पनि माघ ८ मै संविधान जारी होस् भन्ने हो तर त्यसको शर्तचाहीँ के हो भने दलहरुका बीचमा मुख्य विषयमा सहमति बन्नुपर्छ ।' साँच्चै गम्भीर ढंगले बस्ने हो भने दुई घण्टाभित्र सहमति निर्माण हुन सक्ने पनि उनको दावी छ । संघीयताका सन्दर्भमा राज्य पुनःसंरचना समिति र राज्य पुनःसंरचना आयोगको प्रतिवेदनमा नै मूल सिद्धान्त प्रतिपादन भइसकेको, पहिचानका ५ आधार, पहिचानका ४ आधार र आयोगको प्रतिवेदनमा भएको १ प्रतिशतभन्दा बढी भाषा र जातिको समुदायलाई स्वायत्त प्रदेश दिने आधारमा टेकेर संख्या निर्धारण र सिमांकन गर्न सकिने उनले दावी गरे । 'नामांकनको हकमा सम्बन्धित प्रदेशलाई नै नाम राख्ने जिम्मा दिएर मिलाउन सकिन्छ । ८ वा ९ प्रदेशमा सहमति बन्न सक्छ । शासकीय स्वरुपमा मिश्रित प्रणाली र निर्वाचन प्रणालीमा मिश्रित प्रणाली गर्न सकिन्छ,' उनले भने । सभापति भट्टराईले संविधानसभाभित्र र बाहिरका सबै पक्षहरुसँग छलफल गरेको सबैले स्वामित्व ग्रहण गर्नसक्ने संविधान जारी गरिने पनि बताए । वृहत शान्ति सम्झौता, अन्तरिम संविधान र विभिन्न पक्षसँग भएका सम्झौताहरुको आधारमा टेकेर र पहिलो संविधानसभाले गरेका कामको स्वामित्व लिंदै बाँकी काम पूरा गरेर संविधान जारी गर्नुपर्ने पनि उनले बताए । सत्ता साझेदारीको कुरा पनि आउने गरेको उल्लेख गर्दै सभापति भट्टराईले अर्को निर्वाचन नहुँदासम्म एमाओवादीले सत्ताको दावी नभएको बताए । एमाओवादीको दावि नभएको हुँदा कांग्रेस-एमालेलाई सत्ता साझेदारीको कुरा मिलाएर संविधान निर्माणमा लाग्न आग्रह गरेको उनले बताए ।

## सरकार...

नेतृत्वको सम्झौता भएकाले त्यसपछि एमाले संसदीय दलका नेता तथा अध्यक्ष केपी आली प्रधानमन्त्री बन्ने सपना देख्न थालिसकेका छन् । अर्कोतिर कांगेसका देउवा र पौडेल समूह पनि कोइरालालाई संविधान जारी नगरी सत्ताबाट वहिर्गमन गराएर राजनीतिक रुपमा असफल सिद्ध गरी पार्टी नेतृत्वमा कमजोर पार्ने दाउपेच चलाइरहेका छन् ।

सरकारमा रहेका अन्य दलहरु भने माघ ८ मा संविधान आएन भने सरकारको नेतृत्व परिवर्तन नहुने बताइरहेका छन् । यस्तोमा नेकपा एमालेका नेतृत्व तहमा रहेका नेताहरु कांग्रेससंगको सम्झौता माघ ८ गतेसम्मका लागि मात्र भएको बताउन थासिकेका छन् । शनिबार कैलाली पुगेर एमाले सचिव योगेश भट्टराईले नेपाली काँग्रेससँगको सहकार्य माघ ८ गतेसम्मका लागि भएको बताए । सचिव भट्टराईले माघ ८ गते संविधान जारी नभए काँग्रेससँगको सहकार्य तोडिने स्पष्ट पार्दै एमालेले काँग्रेससँग संविधान बनाउनका लागि मात्रै सहकार्य गरेको र माघ ८ गते संविधान जारी भएन भने सम्बन्ध टुट्ने दावी गरे ।

यसैबीच एमाओवादी र एमालेका अध्यक्षहरुबीच भेटघाटको शृंखला बाक्लिन थालेको छ । यो बाक्लो भेटघाट संविधानका विवादित विषयमा सहमति खोज्न भन्दा पनि माघ ८ पछि मिलेर सरकार बनाउने भित्रभित्रै तयारी भैरहेको बताइन्छ । संविधानसभामा नेपाली कांग्रेस र नेकपा एमालेको केही सिटको मात्र अन्तर छ । यो अवस्थाले दुबै दलभित्र आफू सबभन्दा ठूलो र आफूहरु समान रहेको विवाद पनि उठ्ने गरेको छ । सरकारमा समान सहभागितामा रहेका दुई दलबीच आआफ्नो राजनीतिक स्वार्थ अनुसारको नियुक्ति र निर्णय गर्ने गर्दा सुरुदेखि नै विवाद चलिरहेको छ । मन्त्रीहरुबीच सहकार्य छैन । पछिल्लो समय राजनीतिक दलहरुबीच संविधान जारी गर्ने निर्धारित समयलाई बेवास्ता गर्न थालेका छन् । उनीहरु संविधानसभाको आयु चार वर्षको भएकाले अहिले नै आत्तिहाल्नु नपर्ने बताउन थालेका छन् ।

यस्तोमा माघ ८ पछि सरकार परिवर्तन र जोगाउने खेलमै मुलुकको सिंगो राजनीति रुमल्लिने स्पष्ट देखिएको छ । आइतबार हुने संवैधानिक राजनीतिक संवाद तथा सहमति समतिको बैठकले के कस्तो निष्कर्ष निकाल्छ यसैले मुलुकको भावी राजनीतिको कार्यदिशा तय गर्नेछ । यद्यपि माघ ८ पछि सरकार परिवर्तन सबभन्दा ठूलो मुद्दा बनेर अघि आएको छ । प्रमुख विपक्षी एकीकृत नेकपा माओवादी नेतृत्वको २२ दलीय मोर्चाले संविधान जारी नहुँदासम्म सरकारमा नजाने निर्णय गरेको भए पनि यो सब देखावटी मात्र भएको बुझ्न कठिन छैन । यसअघि पनि यस्ता प्रतिबद्धता जाहेर नभएका हैनन् ।

सधैं पढ्नुहोस्

प्राज्ञिक विद्यार्थी परिषद् नेपालद्वारा प्रकाशित
**स्टुडेन्ट कन्सेप्ट** द्वैमासिक पत्रिका

## स्वास्थ्य

# जाडो मौसम र रुघाखोकी

जतिसुकै सफा खानेकुरा भए पनि अथवा जतिसुकै सफा वातावरण देखिए पनि त्यसमा अझै प्रसस्त मात्रामा ससाना जीवाणु रहेका हुन्छन्, जुन हाम्रो नांगो आँखाले देख्न सकिन्न । रुघाखोकी लगायत बिभिन्न रोगहरु फैलाउने भाइरसहरु पनि हाम्रो नांगो आँखाले देख्न सकिन्न । गर्मीको समयमा हावामा पानीको मात्रा अथवा पानीका कणहरुको मात्रा धेरै हुन्छ, र धेरैजसो हावामा रहने जीवाणुहरु वर्षायाममा पानीसंगै जमिनमा खस्छन् र मर्छन् । यस्ता जीवाणुहरुको आयु सामान्यतया २-८ घण्टाको हुन्छ । तर जाडो समयमा हावामा सुक्खापन बढी हुन्छ, जुन वातावरण रुघाखोकी लगाउने भाइरसको निम्ति लामो समयसम्म जीवत रहन र लामो दुरीसम्म पुग्न सहयोगी बन्दछ । त्यसको अतिरिक्त जाडो समयमा मानिसहरु झ्याल ढोका थुनेर भित्र बस्ने भएकोले पनि एकजनाबाट अर्कोमा रुघाखोकी सर्ने सम्भावना बढी हुन्छ ।

हाम्रो शरीरमा हुने विभिन्न कोष तथा तन्तुहरुले कतिपय अवस्थामा एक्लै र आफ्नै तरिकाले काम गरिरहेका हुन्छन् भने कतिपय समयमा अन्य कोषहरुसंग सम्बन्ध जुटाएर काम गरिरहेका हुन्छन् । भन्नुको मतलब हाम्रो शरीरका बिभिन्न कोष तथा तन्तुहरुले आफ्नो पेरिफेरीका सम्भाव्य शत्रु, भाइरस र ब्याक्टेरियाहरुले, आक्रमण गर्दा तिनीहरुको आक्रमण गर्ने तरिका र शक्ति बुझेर तिनीहरुको विरुद्धमा प्रतिरक्षात्मक क्षमता विकास गरिसकेका हुन्छन् ।

तर कहिलेकाहीं हाम्रो शरीरलाई कहिल्यै अनुभब नगरेका भाइरस तथा ब्याक्टेरियाले अचानक आक्रमण गर्दछन् जसको प्रत्याकरण गर्न शरीर तयार र सक्षम भैसकेको हुँदैन । यस्ता नयाँ प्रकारका भाइरस तथा ब्याक्टेरियाको विरुद्धमा मुकाबिला गर्ने नयाँ प्रोटिनहरु (Anti-Bodies) उत्पादन गर्न शरीरलाई १ देखि २ हप्तासम्म लाग्दछ । कुनै पनि नयाँ रोगको विरुद्धमा शरीरले एकपटक (Immune System) बिकास गरिसकेपछि त्यही भाइरस तथा ब्याक्टेरियाले त्यही रुपमा उसलाई पुन कहिलै आक्रमण गर्न सक्दैन । कतिपय अवस्थामा भाइरसले पनि रुप परिवर्तन गरेर आएर आक्रमण गर्दछ । बच्चा सानो छँदैमा दिइने थेउला, रुबेला, टेटानस आदिको खोप दिनुको अर्थ पनि उक्त रोगले बृहत आक्रमण गर्नु भन्दा पहिलै त्यही रोगको थोरै भाइरस शरीरमा पठाएर शरीरलाई उक्त रोगको विरुद्धमा लड्ने शक्ति जागरण (Immune Response) गर्न लगाउनु नै हो । वास्तवमा कुनै रोग विरुद्ध दिइने खोप भनेको त्यही रोगको भाइरस अलिकति शरीरमा पठाउनु नै हो । कुनै पनि रोगको भाइरस अथवा ब्याक्टेरियाले आक्रमण गरेपछि हाम्रो शरीरले केही निश्चित प्रतिक्रिया गर्दछ, त्यसैको आधारमा डाक्टरहरुले के रोग लागेको भन्ने थाहा पाउँछन् ।

टाउको दुख्नु, हाच्छिउं आउनु, खोकी लाग्नु, जाडो महसुस हुनु आदि रुघा लागेका संकेतहरु हुन् । त्यसमाथि ज्वरो पनि छ भने उक्त व्यक्तिलाई फ्लु अथवा रुघाखोकीले ग्रस्त पारेको भन्ने थाहा हुन्छ । रुघाखोकी लगाउने करिब २०० प्रकारका भाइरसहरु हुन्छन्, तर करिब आधाजति रुघाखोकीका केसहरु रिनोभाइरस (Rhinoviruses) नामक भाइरसको समूहमध्येको भाइरसले आक्रमण गर्दा हुन्छन् । कतिपय अवस्थामा हामीलाई डाक्टरले राम्रोसंग जाँचेन भन्ने पनि भान हुन्छ, तर कुन मौसममा अथवा कुन वर्षमा कस्तोखाले भाइरसको प्रकोप बढिरहेको छ डाक्टरहरुलाई पहिल्यै थाहा हुन्छ । त्यसैले बिमारीको अवस्था हेर्ने बित्तिकै उनीहरुले बुझिहाल्दछन् ।

हाम्रा शरीरका कोषहरू भन्दा ब्याक्टेरिया एकदम साना हुन्छन्, र भाइरस ब्याक्टेरिया भन्दा पनि करिब हजार गुणा साना हुन्छन् । रुघाखोकी र Influenza जस्ता रोग लगाउने भाइरसमा मुख्यतया Nucleic Acid (DNA and RNA), Coat या Protein, Lipid Membrane गरी ३ तत्वमात्र हुन्छन् । Coat या Protein ले DNA and RNA ले घेरेको हुन्छ भने Coat या Protein लाई Lipid Membrane घेरेको हुन्छ । मानब शरीरको कोषमा अरु कुनै मध्यमबिना नै खाने, बृद्धि हुने, उत्पादन गर्ने सबै तत्व हुन्छन् भने भाइरसमा हुँदैन । त्यसैले भाइरस भनेको आफैमा पूर्ण जीव होइन । भाइरस फैलिनको लागी अथवा वृद्धि हुनको लागी यसलाई ब्याक्टेरिया, बिरुवा वा अन्य प्राणीको कोषको अवश्यकता पर्दछ, जसलाई दुषित नगरिकन यो वृद्धि हुन सक्दैन ।

त्यसैले वातावरणमा हुने रुघाखोकी लगायतका भाइरसहरुले अन्य प्राणीको कोषमा प्रवेश गर्ने अनुकुल बातावरण पर्खेर बसेका हुन्छन् । अनुकुल वातावरण भएपछि प्राणीको नाक, आँखा, मुख आदिबाट प्रवेश गरी स्वाशप्रश्वास प्रक्रियासंग सम्बन्धित र पाचन प्रणालीसंग सम्बन्धित अंगहरुका कोषलाई आधार बनाएर वृद्धि हुन थाल्दछन् । यसो गर्दा एकातर्फ भाइरस हुर्किने बढ्ने गर्दछ भने हाम्रो शरीरका अंगहरु संक्रमित भई अस्वाभाविक प्रकारका हुने, सुनिने, दुख्ने गर्न थाल्दछन् । प्राय सबै भाइरसको सर्ने तरिका उस्तै नै हुन्छ । सुरुमा Host Cell मा टाँसिन्छन्, त्यसपछि, Host cell मा आफ्नो DNA खन्याउँछन्, त्यसले होस्ट सेलको एन्जाइहरु आफ्नो निम्ति प्रयोग गरी भाइरसका असंख्य नयाँ तत्व उत्पादन गर्दछ, र आखिरमा प्राणीका कोषहरू नै भाइरस बन्ने र बस्ने घरमा परिणत हुन्छन् ।

# स्वधर्म संस्कृति संरक्षण अभियानको आवश्यकता



■ कृष्ण आचार्य

विश्वको शोभनीय र रमणीय इतिहास बोकेको शाशवत सनातन वैदिक हिन्दू धर्ममा आधारित नेपालको कार्यशैली, यहाँको चाडबाड र सांस्कृतिक रीति परम्परा नै हाम्रो प्रचलन हो। हिन्दुत्वमा वेदान्त, राजयोग, ज्ञानयोग, भक्तियोग, धार्मिक पूजा, अनुष्ठान हिन्दू मात्रलाई नभएर सम्पूर्ण जीवजन्तु, मानव जातिलाई प्रफुल्लित जीवन्त र संघबद्ध बनाएर स्वधर्म-संस्कृति संरक्षणका अनेकौं उदाहरणहरू हाम्रा ऐतिहासिक धर्मग्रन्थहरूमा पाइन्छन्। हाम्रो परम्परा जनप्रेमी वैदिक ऋषिहरूले अनुसन्धान गरेर अनुभव भएका कुराहरू साधारण मानिसहरूका लागि सधैं आध्यात्मिक साधना र तपस्या गर्न असम्भव भए पनि आफ्नो मौलिक-स्वधर्म-संस्कृतिमा नै रहेर पारिवारिक गृहस्थ जीवन सञ्चालन गरी बस्नका लागि आग्रह गरिएको थियो।

कालान्तरमा हाम्रो धर्म-संस्कृतिमाथि अनेकौं विधर्मीहरूले आक्रमण गर्दा हामीहरू आफ्नो सुरक्षार्थ अनेकौं स्थानमा आएर शरण लियौं। धर्मान्तरित नभइकन आफ्नै स्वधर्म संस्कृतिमा रहेका नै छौं। वर्तमान परिप्रेक्ष्यमा पुनः हामी र हाम्रो समाज-राष्ट्रमा आक्रमण गर्ने र हाम्रो स्वधर्म नष्ट पार्न विदेशी दासहरू व्यापक परिचालन भएका हुन्। हामी नेपाली हाम्रै दसैं, तिहार, माघे संक्रान्ति, साउने संक्रान्ति, जन्माष्टमी, गुरूपूर्णिमा, रामनवमी, जनैपूर्णिमा, बुद्धपूर्णिमा, तीज, शिवरात्रि आदि अनेकौं चाडबाडहरूको माध्यमले जनस्तरमा उत्साह र धुमधामसँग मनाउने व्यापक प्रचलन विद्यमान छ। योजनात्मक जनसहभागितामा मनाउने प्रावधान प्रशस्त मात्रामा हाम्रा धर्मग्रन्थहरूमा हामी पाउँछौं।

यसले हामीलाई एक आपसमा जोडे साथीभाइ, नातागोताको प्रेम र भक्तिपूर्ण भावनाले मनाउँथ्यौं। आत्मिक हृदय शुद्ध र प्रसन्नताको सहभागिताले हाम्रो हृदयमा प्रफुल्लता ल्याउँथ्यो। प्राणायाम जस्तो उपकारी तत्वले हाम्रो आध्यात्मिक जीवनमा सर्वश्रेष्ठ महत्व ल्याउँछ। प्रणव ॐकारको जपले चित्तलाई एकाग्र गरी नियमित जपद्वारा साधकले ईश्वर प्राप्तिको प्रत्याभूति प्राप्त गर्न सक्छ। हामी स्वधर्म प्रेमीले गीता, रामायण, महाभारत, उपनिषद्, प्रमाणित ग्रन्थ अध्ययन गर्नाले हाम्रो संस्कृतिप्रतिको भावनामा विकास हुनुका साथै जानकारी राम्रोसँग हुन्छ। आफ्नो आत्म स्वाभिमान र गर्वको प्रत्याभूति हुनाले हामीलाई विधर्मीहरूको कुटिल प्रपञ्चबाट बच्न सहयोग मिल्छ। यो पृथ्वीमा कुनै पनि वस्तु छैन जसको धर्म हुँदैन। धर्मबिना कुनै पदार्थ, पशुपक्षी, मानव, सूर्यचन्द्र, नक्षत्र, नदीनाला आदिको प्राकृतिक अस्तित्व नै सम्भव छैन। आफ्नो स्वधर्म-संस्कृति संरक्षण गर्नाले एक अर्काप्रतिको सदभाव, श्रद्धायुक्त कर्मले व्यक्तिले ज्ञान पाउन सक्दछ। अनेक प्रकारको विकृतिले हाम्रो समाजमा स्थान पाउन सक्दैन। हामी एकआपसमा संगठित भएर समाज र राष्ट्र जीवनमा आइपर्ने समस्याको समाधान गर्नका लागि यो स्वधर्म-संस्कृति संरक्षण अभियान सहायक हुनेछ।

नेपाल वर्तमान अवस्थामा विश्वको एकमात्र हिन्दू राष्ट्रबाट अलग्याउने इसाई देश भेटिकन, युरोप, अमेरिका, दक्षिण कोरिया र पूर्वोत्तर भारतबाट वैध-अवैध रूपमा करोडौं रूपियाँ र पोपको निर्देशनमा व्यापक धर्मान्तरण फैलाइएको अनेक उदाहरणहरू हामीसँग छन्। हाम्रो राष्ट्रिय स्वाभिमानमा नै हामी नेपाली सांस्कृतिक धरातलले एकजुट हुनु जरूरी छ।

गाउँ-गाउँ, नगर-नगर, बस्ती-बस्तीमा स्वधर्म-संस्कृति संरक्षण जागरण ल्याउनु नितान्त आवश्यक छ। यहाँ इसाइयतले मात्र होइन, इस्लामिक आतंकवाद पनि नेपालमा व्यापक फैलँदो प्रक्रियामा छ। यसको उदाहरण अन्तर्राष्ट्रिय विमानस्थलबाट विमान अपहरण गर्नु, इस्लामिक जेहादी, आतंकीले नेपाललाई माध्यम बनाएर अनेकौं राष्ट्रघाती योजना संचालन गरेका उदाहरण। नेपालको तराई, नेपालगन्ज, कपिलवस्तु, रौतहट, सुनसरी आदि स्थानमा आतंकवादी प्रशिक्षण व्यापक परिचालन गर्नु, भर्खरै सिरहामा भएको मुसलमान गुण्डाहरूको उदाहरण इत्यादि प्रशस्त उदाहरणले हामी मर्माहत भएका छौं। राष्ट्रको राष्ट्रिय धर्म नै शाश्वत सनातन वैदिक हिन्दू धर्म हो, नेपालको आत्मा हो। यसको संरक्षण संवर्द्धन गर्नु नै हामी समस्त नेपालीको परम कर्तव्य हो। यस संस्कृतिका वाहक हामी नेपाली नै हौं। हाम्रो परिचय विश्व परिवेशमा वीर नेपाली, अपराजेय, विदेशी दासत्व अस्वीकार गर्ने, सभ्य, नम्र, बहादुरता भएका नेपाली चिनारी थियो। आज हाम्रो आत्मामा कुटिल बज्रपात इसाइयत र मुस्लिम जेहादले गरेको छ। हाम्रो देश धर्म नै नभएको राष्ट्र हो भनेर राजनीतिकर्ता नेताहरूको मुखबाट घोषित गराइयो। धर्मनिरपेक्ष गर्ने यी पाखण्डीहरूको अदूरदर्शितालाई समाप्त गरी राष्ट्ररक्षार्थ सञ्चालन गरिएको 'स्वधर्म संस्कृति संरक्षण अभियान' मा हामी एकजुट हौं। राष्ट्रमा आमूल शान्ति, राष्ट्रिय स्वाधिनता रक्षाका लागि हाम्रा वीरहरूले अर्जिएको सांस्कृतिक धरातलको संरक्षणका लागि यो अभियानमा आफू सहभागी भई तन, मन र धनले अरूहरूको पनि व्यापक सहभागिता गरौं र गराऔं। हिन्दुत्वबाट विश्व र मानव नीतिको संरक्षण गर्दै स्वधर्म-संस्कृति संरक्षण गर्नमा हाम्रा वीरपुर्खाहरूले गरेका अमर प्रेरक प्रसंग, गौरव गाथाको सन्देश दिऔं। नेपाल आमाका सपुतले अनेकौं वीरहरूको अवतरण भएका उदाहरण प्रस्तुत गरौं। स्वधर्म, सभ्यता, नेपाल आमाका सपुतले अनेकौं वीरहरूको अवतरण भएका उदाहरण प्रस्तुत गरौं। स्वधर्म, सभ्यता, संस्कृति, संस्कार प्रत्येकलाई आवश्यक पर्दछ, यसको प्रत्याभूति गराऔं। अभियानमा आफू सहभागी भई समस्त राष्ट्रवासी आमाबुवा, दाजुभाइ, दिदीबहिनीहरूले अनेका माध्यमले आफ्नो अमूल्य योगदान पुऱ्याऔं।

मातृभूमि नेपाललाई स्वधर्म-संस्कृतिको परिचय हाम्रो माध्यमले अस्तित्वको रक्षार्थ यो महान् कार्यमा योगदान गरौं। यसमा हामी आफू नै वाहक बनौं। दलीय स्वार्थबाट माथि उठेर राष्ट्रिय सुख नै मेरो व्यक्तिगत सुखको अनुभूति गरेर धर्मान्तरण भनेको घोर राष्ट्रघाती कार्य हो। तसर्थ वर्तमान परिस्थितिमा आफ्नो स्वधर्ममा आएर आफू परिवर्तनकारी शक्ति बन्न यो अभियानमा सहभागी होऔं। अभियान सबैको साधक बन्नमा प्रत्येक नेपाली नागरिकको अहम् भूमिकाको अपेक्षा छ। यो अभियान समस्त ॐकार परवार, राष्ट्रप्रेमीले आफ्नो स्वाभिमान रक्षार्थ सम्झनु र त्यो अनुरूप कार्यमा लागौं।

यस पवित्र कार्यमा सहकार्य गर्नु र गराउनु भनेको अभियानको राष्ट्ररूपी यज्ञमा आफ्नो सहभागिता दिनु हो। गौरव र स्वाभिमानका साथ स्वधर्म नै मेरो संस्कृति हो। यो नै मेरो कर्तव्य हो, को भावना जन-जन, गाउँ-गाउँ, बस्ती-बस्तीमा र प्रत्येक जनस्तरमा पुऱ्याए राष्ट्र रक्षाको कवच अभियान बन्न सकोस्। धर्मान्तरण बन्द होस्। धर्मान्तरित व्यक्तिले राष्ट्रान्तरण गर्न सक्छ, तसर्थ धर्मान्तरण गर्नु नै राष्ट्रान्तरण हो, अतः राष्ट्रान्तरण जस्तो घोर पापबाट बचौं र बचाऔं।

स्वधर्म संस्कृति संरक्षण अभियानमा सहभागी हौं।

लैङ्गिक हिंसा रहित समाज आदर्श समाज हो
यस्तो समाज निर्माणमा हामी सबै
सहभागी बनौं।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

**ग्राहक महानुभावहरुमा हाम्रो अनुरोध**

राष्ट्र, राष्ट्रियता र राष्ट्रिय पहिचानको निमित्त समर्पित नेपालको एकमात्र राष्ट्रवादी पत्रिका हिमाल दृष्टिको ग्राहक बनी सहयोग गरिदिनु हुनको लागि हार्दिक अनुरोध गर्दछौं। ग्राहक बन्न चाहने इच्छुक व्यक्तिले ग्राहक शुल्क नगद वा ड्राफ्टसहित आफ्नो पूरा हुलाक ठेगाना तल उल्लेखित हाम्रो कार्यालयको ठेगानामा पठाइदिन हुन अनुरोध छ।

**वार्षिक ग्राहक शुल्क : रु. १००   द्विवार्षिक ग्राहक शुल्क : रु. २००**

**हिमाल दृष्टि**

**पो.ब.नं. ११४०, गौरीघाट, काठमाडौं, नेपाल, फोन : ४४८३२३०, फ्याक्स : ४४८१२०४**

का.जि.प्र.का.द.नं. ३०५९।०६०   गो.हु.का.द.नं. १७०६३।०६४

*सेवामा*
*नाम :*
*ठेगाना :*

**प्रकाशक : देवेन्द्रकुमार ठाकुर**   **सम्पादक : राकेश मिश्र**

निर्देशक मण्डल : केशव अधिकारी, मोहनलाल राजपाल (वीरगन्ज), विजयकुमार दास

कार्यालय : गौरीघाट, काठमाडौं, पो.ब.नं. ११४०, फोन ४४८३२३०, फ्याक्स ४४८१२०४, मुद्रक : लक्ष्मी अफसेट प्रेस, फोन ४४२०६८७, ईमेल info@himaldristi.com/rakesh_mishra90@hotmail.com